# किशोर वयको सम्झना

**बीना शर्मा**

यसै भन्न सक्तिनँ, मैले रेडियो कहिलेबाट सुन्न थालेँ । तर जहिलेबाट मैले कसैलाई चिन्ने सामर्थ्य राखेँ, त्यही बेलादेखि रेडियो पनि चिने हुँला । मेरो जीवनमा सबैभन्दा पहिले चिनेको रेडियो मेरो मामाघरको रेडियो हो । म चारपाँच वर्षको हुँदा मामाघरको रेडियोबाट बज्ने गीतहरूमा म नाच्दा सबै दङ्ग पर्थे । यो त्यस्तै २०३६/३७ सालतिरको कुरा हो । त्यति बेला बजेका 'मै छोरी सुन्दरी' र 'झल्झली आँखैमा' गीत आज पनि रेडियोमा बज्दा मेरी आमा भन्नुहुन्छ– "ऊ ! तिम्रो गीत आयो ।"

चितवन नारायणगढ बजार लिलाचोकमा अवस्थित मेरो मामाघरको पसलमा सोकेसभित्र राखिएको त्यो रेडियो त्यति बेलाको एक महत्त्वपूर्ण वस्तु थियो । मेरी आमाको भनाइअनुसार त्यो रेडियो वि.सं. २०२२ तिर काठमाडौँमा किनिएको हो । प्रायः बिहान रेडियो ठूलै स्वरले बजाइने गरिन्थ्यो । मेरा मामाघरका दाजुहरू रेडियोबाट बज्ने गीतहरू गाउँदै हिँड्नुहुन्थ्यो । त्यति बेला रेडियोबाट अरू के के बज्थे, रेडियोको महत्त्व के थियो, मलाई थाहा भएन । जे होस्

मामाघरको पसलमा सोकेसभित्र पानी खाइरहेको पानीहाँसको मूर्ति जस्तै पसल सजाइने वस्तु लाग्थ्यो मलाई त्यो रेडियो । तर त्यसलाई छुन भने मैले कहिल्यै पाइनँ ।

मेरो आफ्नो घरमा रेडियो नभए पनि सानोमा मलाई रेडियो खेलाउने, आफ्नै हातले चलाउने सोख पनि जागेन । वास्तवमा आफ्नै हातले रेडियो बजाउँदाको आनन्द, थरीथरीको स्टेसनको मज्जा र मीठा मीठा रेडियो कार्यक्रमको महत्त्व मैले तब बुझैँ जब मेरो भिनाजूले एउटा क्यासेट प्लेयर सहितको रेडियो किनेर हाम्रो घरमा राखिदिनुभयो । म करिब १० वर्षकी थिएँ त्यस बेला । घरमा रेडियो आयो, यसरी आयो कि उत्सव नै ल्यायो । हुन त वि.सं. २०४०/४१ भनेको धेरैको घरमा टेलिभिजन पनि आउन थालिसकेको बेला हो । तर एउटा निम्न वर्गीय परिवारका लागि रेडियो पनि महङ्गो वस्तु थियो । रेडियो आएको दिन रेडियोका प्रसारणहरू भने कमै सुन्यौं हामीले । बरु हिन्दी फिल्मका गीति चक्काहरू भने खुब बजायौं । वरपरका केटाकेटीहरू पनि गीत सुन्न र क्यासेट प्लेयर हेर्न हाम्रो ढोकामा जम्मा भएका थिए । भिनाजूले मलाई त्यो रेडियो बजाउन सिकाइदिनुभयो । त्यस दिनदेखि हाम्रो घरमा सधैँजसो रेडियोका विभिन्न प्रसारण र गीति चक्काहरू बज्न थाले । बिहान छ बजेको *धार्मिक कार्यक्रम,* सात बजेको समाचार, राष्ट्रिय गीत हुँदै धेरैजसो कार्यक्रम सुन्थैं म । वास्तवमा मेरो स्कूले जीवनमा रेडियो नेपाल एउटा यस्तो साथी थियो, जो मलाई गृहकार्य गर्ने, खाना खाने, स्कूल जाने समयको ज्ञान बरोबर दिइरहन्थ्यो र यी सबै गर्दा साथ पनि दिन्थ्यो ।

त्यस बेला म रेडियोबाट सुनेका गीतहरू कापीमा टिप्थैं र फेरि गीत बज्दा स्वर मिलाएर गाउने प्रयास गर्थें । स्कूलमा हामी केही साथीहरू खाली समय पायो कि गीत गाउन थालिहाल्थ्यौं । त्यस बेला म भक्तराज आचार्य, तारादेवी, नारायण गोपाल, गोपाल योञ्जन आदिको गीतबाट साह्रै प्रभावित हुन्थैं । हुन त मलाई सबै गीत मन पर्थ्यो । सायद किशोर उमेरको चञ्चल मनले होला, गीतहरूले लट्ठ नै पार्थे । गीतबाहेक समाचार र अन्य सूचनामूलक कार्यक्रम पनि उत्तिकै सुनिन्थ्यो । रेडियोले भनेका कुरा ध्रुव सत्य र शाश्वत तत्वझैँ मेरो मन मस्तिष्कमा छापिन्थे । मेरो काम, कुरा र व्यवहारमा रेडियोबाट सुनेका कुराको निकै प्रभाव रहन्थ्यो ।

वि.सं. २०४५ तिर मात्रै हाम्रो घरमा आफ्नै रेडियो आयो । आमाले मामाघरको दाजु काठमाडौं जानुभएको बेलामा एउटा रेडियो मगाउनु भएको थियो । दाजुले

एउटा क्यासेट प्लेयरसहितको 'नेशनल' रेडियो किनेर ल्याइदिनुभयो । यो नै वास्तवमा मेरो आफ्नै रेडियो थियो ।

दिउँसोमा स्कूल जानुपर्ने हुनाले शनिबार र बिदाको दिनबाहेक अरू दिन दिउँसो रेडियो सुन्न पाइँदैनथ्यो । बिहान र बेलुकी भने म रेडियो बजाएर नै गृहकार्य गर्थें । बिहानको *विज्ञान प्रविधि कार्यक्रम, साहित्य संसार,* बेलुकीको *बाल कार्यक्रम, चौतारी* लगायत प्रायः सबै गीति कार्यक्रमहरूमा मेरो विशेष लगाव थियो । *साहित्य संसार*का सञ्चालक दाहाल यज्ञनिधिको आवाजको त म 'फ्यान' नै थिए । उहाँको 'जदौ', 'बिट मारेँ ल' जस्ता ठेट नेपाली शब्दको प्रयोग र मिठासयुक्त वाचन शैलीले मलाई लोभ्याउँथ्यो, हृदय नै प्रफुल्ल बनाउँथ्यो । बेलुकी पाँच बजेको *बाल कार्यक्रम*को म अझ नियमित श्रोता थिएँ । दाजु वासुदेव मुनालले 'आओ मेरा प्यारा प्यारा भाइ बहिनी हो, रेडियो नजिक आओ' भन्दा म पनि रेडियोमै कान टाँसेर बस्थेँ । नुपूर भट्टाचार्यको बोली पनि खुबै राम्रो लाग्थ्यो । *बाल कार्यक्रम*को 'कोभन्दा को कम' खण्डमा दुईतीन चोटि कविता र लेख पठाएर प्रतियोगिता पनि जितेकी थिएँ । २०४७ सालतिर 'कोभन्दा को कम' मा 'जनसङ्ख्या र वातावरण' भन्ने विषयमा निबन्ध प्रतियोगिता राखिएको थियो । त्यसमा मेरो लेख प्रथम भयो र त्यसबापत मलाई "रु. १५० ।- नगद पुरस्कार स्कूलको ठेगानामा पठाइने छ" भनियो तर उक्त पुरस्कार कहिल्यै पनि आएन । पुरस्कार प्राप्त भएन भनेर तीन पटक पत्र पठाएँ । त्यसको कुनै प्रतिक्रिया पनि आएन । पुरस्कार त्यसै बिलाएर गयो । त्यसैताका बाल मजदुर सरोकार केन्द्र (सिविन) ले पनि रेडियो कार्यक्रम चलाउँथ्यो, जुन म नियमित सुन्थेँ । कार्यक्रममा अनाथ र सडक बालबालिकासम्बन्धी लेख, गीत, समाचार बज्थे । ती सामग्रीहरू अत्यन्त मार्मिक पनि हुन्थे । यस कार्यक्रममा मेरो एउटा लेख उत्कृष्ट भएबापत सिविनले मलाई उपहार पठाएको थियो । यसरी रेडियोमार्फत पुरस्कार पाउँदा मेरो खुशी र गर्वको सीमा रहेन । यसले गर्दा रेडियोप्रतिको मेरो मोह झन्झन् बढ्दै गएको थियो ।

वास्तवमा हाम्रो घरमा रेडियो नेपाल परिवारको एक सदस्य जस्तै थियो । अल इण्डिया रेडियो पनि कहिलेकाहीँ (रेडियो नेपालको प्रसारण बन्द भएको वा रोकिएको बेलामा) बजाउने गर्थे तर मेरो लगाव भने रेडियो नेपालप्रति नै अधिक रह्यो ।

रेडियो नेपालबाट 'पञ्चै हो यो देश बनाइदेऊ, नेपाली इच्छा पुऱ्याइदेऊ' भनेर गीत आउँदा म पञ्चले नै देश बनाउने रहेछन् भन्ठान्थेँ । किशोर वयको तातो रगत सवार थियो शरीरमा । जुनसुकै राष्ट्रिय गीत बज्दा देश र नरेशको

लागि आवश्यक पऱ्यो भने अहिले नै सहीद बन्न सक्छु जस्तो लाग्थ्यो मलाई पनि । त्यसताका रेडियो नेपालले राजा, प्रधानमन्त्री र मन्त्रीहरूले एकचोटि गरेको भाषण दिनभरि दोहोऱ्याई-दोहोऱ्याई दिँदा भने पट्टचार लागेर आउँथ्यो । तैपनि २०४६ सालसम्म मभित्र निर्दलीय पञ्चायती व्यवस्थाभन्दा राम्रो अरू केही हुन्न भन्ने मानसिकताको विकास भइरहेको थियो । देशको अहिले व्यवस्था साह्रै राम्रो छ, राजा सबैका साझा हुन्, हामी सबै नेपालीले देश र नरेशको सेवा गर्नुपर्छ जस्ता कुरा गडेका थिए मेरो मानसमा । यो पाठ सिकाउने रेडियो नेपाल नै थियो र यसले कहिल्यै झुटो बोल्दैन भन्ने अटल विश्वासले त्यो पाठलाई आड दिएको थियो ।

२०४६ साल फागुनमा जन आन्दोलन सुरु भएपछि रेडियो नेपालले आन्दोलकारीहरू आतङ्कवादी हुन्, फटाहा हुन्, राष्ट्रद्रोही, राजाविरोधी हुन् भन्दा मलाई विश्वास लागेको थियो । बहुदलले देश डुबाउँछ, विदेशीले हस्तक्षेप गर्छ, इण्डियाले खान्छ भन्ने खालका सन्देश सुन्दा मलाई पुलिसले गरेको लाठी चार्ज र पक्राउ ठीकै हो जस्तो लागेको थियो । रेडियोले बारम्बार कुनै अपरिचित शङ्कास्पद मान्छे देख्नुभयो भने तुरुन्त प्रहरीलाई खबर गर्नु भनिरहन्थ्यो । मलाई मनमनै त्यस्तो मान्छे साँच्चिकै कतैबाट आउला कि भन्ने साह्रै डर लाग्थ्यो ।

आन्दोलन चलिरहँदा हाम्रा शिक्षक, सिनियर दाजुहरू जेल पर्नुभयो । लेखक, कलाकार, डाक्टर, इन्जिनियर, वकिलहरूले आन्दोलन गरेको सुनियो । छरछिमेकमा असल मानिएका व्यक्तिहरूले पनि आन्दोलनको समर्थन गरेको थाहा पाएँ । अनि बल्ल मभित्र रेडियो नेपालको समाचार र सन्देशप्रति शङ्का पलाउन थाल्यो । नभन्दै बहुदल आयो र रेडियो नेपालले आफ्नो पुराना सन्देशहरूको विपरीत सन्देश दिन थाल्यो । अनि रेडियो नेपालको समाचार र सन्देशप्रतिको मेरो आस्था विखण्डित भयो, भाँचिएर टुक्रा टुक्रा पऱ्यो । तैपनि रेडियो नेपाल नसुनी धरै थिएन । सूचना र सङ्गीतका लागि यसको विकल्प हाम्रालागि अरू केही थिएन । जेहोस् कार्यक्रम *घटना र विचार, सांसद फोनइन* जस्ता नयाँ कार्यक्रमहरूले रेडियो नेपाललाई नयाँ उचाइ दिएका थिए । यी कार्यक्रम सुरुका समय साँच्चिकै निष्पक्ष र गहकिला बनेका थिए । हामी ठूलो आवाज बनाएर पढ्न लेख्न छोडेर यी कार्यक्रम सुन्थ्यौँ । यद्यपि बिस्तारै यी कार्यक्रम पनि दलगत राजनीतिको निकृष्ट खेलले गर्दा पक्षपाती बन्न पुगे । त्यसपछि यिनको आकर्षण पनि बिस्तारै सेलाउन थाल्यो ।

वि.सं.२०४८ मा एसएलसी पास भएपछि सामान्यतः बिहानीको कलेजको कारणले बिहानी कार्यक्रम सुन्न सकिएन भने *बाल कार्यक्रम*का सामग्री पनि

मेरो उमेर सुहाउँदो नहुनाले सुन्न छाडेँ । तर दिउँसो एक बजेको *महिला कार्यक्रम* लगायत राती बज्ने *गीति कथा,* गजल र हिन्दी गीतहरू खुबै रमाइलो मानेर सुन्थेँ । सूर्यकुमारी पन्तको आवाजमा महिलाका दुःख र वेदनाका कुराहरू सुन्दा रुनै मन लाग्थ्यो । त्यति बेला *महिला कार्यक्रम*मा प्रायःजसो बज्ने 'सिमसिम पानीमा, घरैमा सौता छ, माइत सानीमा' भन्ने गीत सुन्दा म पनि वेदनाले पानी पानी हुन्थेँ ।

त्यस बखत मेरो रुचिको कार्यक्रम बनेको थियो– *गीति कथा* । प्रायः प्रेम वियोगका कथासँगै मार्मिक विषयवस्तु र गीत सङ्गीतको मिश्रणले कार्यक्रम सुनूँसुनूँ लाग्ने हुन्थे । एकपटक मैले पनि एउटा कथा लेखेर पठाएकी थिएँ । २०५०/५१ तिरको कुरो हो यो । मैले कथा पठाएको करिब छ-सात दिनपछिको कार्यक्रममा साताको कथामा छनोट भयो र प्रसारण पनि भयो । त्यो कार्यक्रमको नाम चाहिँ मैले भुलेँ तर त्यसमा आफ्नै सत्य घटना लेखी पठाउन भनिएको थियो । मेरो कथा भने पूर्णतः काल्पनिक थियो । त्यसमा मैले मेरो प्रेमी नारायणी नदीमा पौडी खेल्न जाँदा डुबेर मरेको कथा लेखेकी थिएँ । उद्घोषकको भावुक आवाज र मर्मस्पर्शी गीतको सम्मिश्रणले मेरो कथा वास्तविकझैँ सुनिएको थियो । म त दङ्ग परेँ । भोलिपल्ट बिहान कलेजमा साथीहरूले खुब उडाए मलाई– विचराको प्रेमी त मरिहाल्यो भनेर । एकदिन मेरी एउटी साथीसँग उनको एक नातेदारले सोधिछन्– "को हो त्यो बीना भन्ने बालकुमारी कलेजको । तिम्रै व्याजकी रहिछ नि, विचरा । कस्तो दुःखद घटना भएछ । कस्ती छ त्यो केटी ?" मेरी साथीले मलाई आएर सुनाई र भनी– "तैँले धेरैलाई उल्लु बनाइस् ।"

वास्तवमा २०५३ सालताका घरमा टेलिभिजन आइसकेको भए पनि मेरालागि मनोरञ्जनको प्रमुख साधन रेडियो नेपाल नै थियो । शनिबार त बिहानैदेखि रेडियो अटुट बज्थ्यो । धन लामा र किरण खरेलको *सुन्दर सुशील सङ्गीत,* पाण्डव सुनुवारको *फोनइन* र *नाटक* मलाई बढी मन पर्थे ।

रेडियोमा बोल्ने व्यक्ति र कलाकारलाई कहिल्यै नदेखे पनि, नचिने पनि आफ्नै मान्छे जस्तो माया लाग्ने हुँदो रहेछ । नारायण गोपालको मृत्यु र भक्तराज आचार्यलाई जिब्रोमा क्यान्सर भएको घटनामा म धेरै रोएकी थिएँ । ती दुवैसँग मेरो परिचय रेडियो नेपालले नै त गराएको थियो ।

नारायण गोपालको निधनको वार्षिकीमा पशुपति विस्कुट प्रा.लि.ले रेडियोमार्फत कविता प्रतियोगिता आयोजना गरेको थियो । त्यसमा मैले पनि कविता पठाएकी थिएँ । करिब ८०० कवितामा २५ कविता छनोट हुँदा मेरो कविता पनि पऱ्यो ।

आउने, जाने र बस्ने, खाने व्यवस्थासहित हामीलाई कविता वाचन गर्न काठमाडौँ बोलाइयो तर त्यति बेला म काठमाडौँ गएर कविता वाचन गर्न भने आफ्नै कारणले असमर्थ भएँ ।

वि.सं. २०५५ को सुरुआतबाट भने रेडियो नेपाल सुन्ने क्रम निकै कम भयो । स्नातकोत्तर अध्ययन गर्न काठमाडौँ गएपछि रेडियो नेपालभन्दा बढी एफएमहरू सुन्न थालियो । पढाइ सकेर जागिर र गृहस्थी सम्हालेपछि त रेडियो सुन्ने समय नै कम हुँदै गयो । तैपनि रेडियो नेपाल मेरो किशोरावस्थाको इतिहास भएर मेरो मन मस्तिष्कमा सल्बलाई रहेछ ।